संघीय संसद

# राष्ट्रिय सभा

चौथो अधिवेशन

## बैठक - ४७

२०७६ भदौ ३० गते सोमबार (दोस्रो बैठक)

दिनको ११:४५ बजे

## <u>दैनिक कार्यसूची</u>

### प्रतिवेदन पेश

१. विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङले "भूमी सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्नुहुने ।

### नियम निलम्बन

२. राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ बमोजिम नियम निलम्बनको प्रस्ताव प्रस्तुत हुने ।

### व्यवस्थापन कार्य

३. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका प्रसाद यादवले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "औद्योगिक व्यवसाय विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राहदानी विधेयक, २०७५ लाई पुनर्विचारका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले "विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(मनोहरप्रसाद भट्टराई)

संघीय संसदको महासचिव